bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६०९०७
Email : bhanjyangdml@gmail.com

वर्ष ४० अंक ८१ | २०७८ असार ३१ गते विहीबार, नेपाल सम्वत् ११४१ July 15, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## तनहुँका १० वटै पालिकाका शिक्षा प्रमुखहरूको निर्णय :

# शिक्षित जनशक्तिको तथ्याङ्क सहित शैक्षिक सुचकको प्रोफाईल बनाउने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँका १० वटै पालिकाहरूले शैक्षिक सुचक समावेश गरी प्रोफाईल तयार गर्ने भएका छन् । चार नगरपालिका र छ गाउँपालिका रहेको तनहुँका सबै पालिकाहरूले आ–आफ्नो पालिकाका उच्च शिक्षा प्राप्त शैक्षिक जनशक्तिको तथ्याङ्क सहितको शैषिक सुचक समावेश गरी प्रोफाइल तयार गर्ने निर्णय गरेका हुन् । जिल्ला समन्वय समिति तनहुँले बुधबार दमौलीमा सम्पन्न गरिएका पालिकाका असल अभ्यासको अनुभव आदानप्रदान तथा दुई दिने शैक्षिक परामर्श गोष्ठीका सहभागिहरूले उक्त निर्णय गरेका हुन्। गोष्ठीमा सहभागिहरूले गाउँ/नगर शिक्षा योजना निर्माण गर्न बाँकी रहेका पालिकाहरूले यसै आर्थिक वर्षामा उक्त योजना निर्माण गर्ने समेत प्रतिवद्धता जनाएका छन्।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षता तथा सदस्य अर्जुन बहादुर अधिकारीको संयोजकत्वमा आयोजित गोष्ठीमा शिक्षा बिकास तथा समन्वय इकाई तनहुँका प्रमुख रमाकान्त शर्माले जिल्लाको शैक्षिक अवस्थाका विषयमा सहजिकरण गरेका थिए ।

तनहुँका दशवटै स्थानीय तहका शिक्षा शाखा प्रमुखहरूको सहभागितामा आयोजित गोष्ठीमा पालिकाका शिक्षा शाखाहरूले गरेका असल अभ्यासका अनुभव आदानप्रदान गरिएको थियो । दुई दिने गोष्ठीमा सहभागिहरूले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रीस्तरको असार २७ गतेको निर्णयानुसार स्वीकृत भएको बालमैत्री स्थानीय शासन कार्यनयन निर्देशिका २०७८ को परिच्छेद ४ दफा ७ को लक्ष्य अनुसार बि.सं. २०८७ सालसम्म नेपालका सबै स्थानीय तहलाई वालमैत्री बनाउने भन्ने राष्ट्रिय लक्ष्यलाई प्राप्त गर्नका लागि जिल्लाका सबै स्थानीय तहहरूले वालमैत्री स्थानीय शासन कार्यनयन निर्देशिका २०७८ को सुचांकमा आधारित भई पालिकामा वालवालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण तयार तथा प्रकाशन गर्ने सम्बन्धि कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने निर्णय भएको जिल्ला समन्वय समिति तनहुँका प्रवक्ता गल गुरूङले जानकारी गराएका छन् ।

गोष्ठीमा गाउँ/नगर शिक्षा समिति गठन/पूर्णता दिन बाँकी रहेका पालिकाहरूले अविलम्ब यसको कार्यान्वयन गरी समितिलाई क्रियाशिल बनाई शैक्षिक निर्णय र गतिविधिलाई प्रभावकारी बनाउने निर्णय गरिएको छ ।

संघ, प्रदेश, पालिका र वडाको शिक्षा सम्बन्धी कार्यक्रम र बजेटको कार्यनयन गराउदा सबै पालिकामा एकरूपता हुने गरी कार्यविधि वा निर्देशिका तर्जुमा गर्ने, पालिका भित्र शिक्षा क्षेत्रमा संघ, प्रदेश, पालिका, वडा र गैसस आदि संघ संस्थाहरूबाट प्राप्त बजेटको खर्च विवरण एकीकृत अभिलेख पालिकाको शिक्षा शाखामा रहने व्यबस्था मिलाउन आवश्यक कार्यविधि वा निर्देशिका तर्जमा गर्न गोष्ठीमा सहभागिहरूले निर्णय गरेको प्रवक्ता गुरूङले जानकारी गराए ।

यस्तै, पालिकाले नमूना विद्यालयको कार्यविधि तर्जमा गरी त्यसका सुचकको आधारमा प्रत्येक वडामा प्रत्येक वर्ष नमुना विद्यालयहरूको संख्या वृद्धि गर्दै जाने नीति तथा कार्यक्रम बनाउने, संस्थागत एवं सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने, वस्तुगत सुचकहरू निर्माण गरी उत्कृष्ट विद्यालयलाई वार्षिक रूपमा पुरस्कृत गर्दै जाने निर्णय गरिएको छ ।

विद्यालयहरूको समग्र शैक्षिक क्रियाकलाप र कार्यहरूको अनुगमन कार्यलाई अझ नियमित र प्रभावकारी बनाउदै जाने, पालिका भित्रका संस्थागत र सामुदायिक विद्यालयहरूका बीच असल अभ्यासहरूको अनुभव आदानप्रदान गर्न अवलोकन भ्रमण, शैक्षिक प्रदर्शनी, शैक्षिक सम्मेलन आदि क्रियाकलापहरू संचालन गरिने भएको छ ।



तनहुँका पालिका भित्र नयाँ विद्यालयहरूको स्थापना तथा अनुमति प्रदान गर्दा पालिकाले स्वीकृत गरेको शिक्षा ऐन, शिक्षा नियामवली र नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड अनुसार सबैमा शिक्षाको पहुँच पुऱ्याउने आवश्यक पहल गरिने भएको छ ।

यस्तै, नेपालको संबिधानले ब्यबस्था गरेको शिक्षा सम्बन्धी मौलिक हक र दिगो बिकास लक्ष्यको लक्ष नं. ४ पूरा गर्नका लागि सबै पालिकाहरूले आ–आफ्ना क्षेत्र भित्र विद्यालय जाने उमेर समुहका तर विद्यालय भर्ना नभएका सबै बालबालिकाहरूलाई खोजी गरी विद्यालय भर्ना गर्ने र आफ्नो पालिका भित्रका सबै बालबालिकामा शिक्षाको पहुँच सुनिश्चित भएको घोषणामा लागि पर्ने आग्रह गरिएको छ ।

पालिकाहरूको शिक्षा सम्बन्धी वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत हुँदा र स्वीकृत भएपछि सो खर्च गराउदा पालिकाको शिक्षा शाखासंग समन्वय गरी तोकिएको समयमै कार्यनयन हुने ब्यबस्था मिलाउन आग्रह गरिएको छ । गोष्ठीमा वडाको बजेटमा शिक्षा सम्बन्धी कार्यक्रममा स्वीकृत भएको बजेट तथा कार्यक्रमको कार्यनयन गर्दा शिक्षा शाखासंग समन्वय गरी गराउने ब्यबस्था सबै पालिकाहरूले मिलाउनका लागि अनुरोध गर्ने बैठकले निर्णय गरेको छ ।

# ऐतिहासिक घण्टाचुलीमा पर्यटन विकास योजना अगाडि बढाइयो

**भञ्ज्याङ समाचारदाता**/देवघाट

तनहुँको देवघाट गाउँपालिकाको वडा नम्बर २ मा रहेको ऐतिहासिक घण्टाचुलीलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने आवश्यक पूर्वाधार तयारीका लागि पर्यटन विकास योजना अगाडि बढाइएको छ । घण्टाचुली क्षेत्रलाई पर्यटकीय गतिविधिबाट प्रवर्द्धन गर्ने उद्देश्यले योजनाहरू अगाडि बढाउने गरी सम्झौता गरिएको छ । देवघाट गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका क्षेत्रको प्रवर्द्धनका लागि मृत सन्जिवनि–शिवशक्ति र इको सम्झौता गरिएको छ । ऐतिहासिक घण्टाचुली पर्यटन बिकास क्षेत्रको निर्माण कार्य २०८० साल असार मसान्तभित्र सम्पन्न गर्नुपर्ने गरी सम्झौता गरिएको छ ।

घण्टाचुली पर्यटन बिकास क्षेत्रको प्रवर्द्धनका लागि नेपाल सरकार पर्यटन मन्त्रालयबाट ३ करोड ५० लाख रूपैयाँ, देवघाट गाउँपालिकाको १ करोड ५० लाख गरी मुल्य वृद्धि संयोजना र भैपरि खर्च सहित ५ करोड रूपैयाँ बजेट मध्ये छनौट भएका निर्माण कम्पनीले २ करोड ९४ लाख रूपैयाँमा सम्झौता गरेको बताइएको छ ।

करिब ३ सय रोपनी क्षेत्रफल



कम्पनी हेटौंडाले संयुक्त सम्झौता गरिएको छ। सम्झौतापत्र आदानप्रदान गर्दै ऐतिहासिक घण्टाचुली बिकास पर्यटन क्षेत्रको निर्माण कार्यलाई सहयोग र सहज गर्न देवघाट गाउँपालिका तयार रहेको बताउदै गुणस्तरीय रूपमा समयमै भवनको निर्माण सम्पन्न गर्न देवघाट गाउँपालिका अध्यक्ष दुर्ग बहादुर थापाले आग्रह गरेका छन् ।

घण्टाचुली पर्यटन बिकास क्षेत्रका लागि पूर्वधार तयारीका लागि गाउँपालिकाले बोलपत्र आव्हान गरेको थियो । आव्हान गरिएको बोलपत्र अनुसार प्रविधिक र आर्थिक प्रस्तावको मुल्यांकनमा मृत सन्जिवनि–शिवशक्ति र इको कम्पनी हेटौंडाले संयुक्त हेटौंडा पहिलो नम्बरमा छनौट गरी मध्ये करिब दुई रोपनी क्षेत्रफल भित्र भ्यु टावर, लिफ्टिङ्ग खानेपानी, पौउच मार्गको स्तरोन्नति, रानी पोखरी निर्माण, ऐतिहासिक दरबरको संरक्षण, पैदल मार्ग, गेट, पिकिनि स्पर्ट, चौकिदार भवन, क्यान्टिङ्ग लगायतका भौतिक पूर्वाधार निर्माण कम्पनीले तयार गर्नुपर्ने गरी सम्झौता भएको गाउँपालिकाका इन्जिनियर प्रमुख तिर्थराज ढुंगानाले बताए ।

कार्यक्रममा देवघाट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नरहरि सापकोटा, देवघाट गाउँपालिका प्रशासन प्रमुख गोविन्द पौडेल, मृत सन्जिवनि–शिवशक्ति र इको कम्पनी हेटौंडाले संयुक्त हेटौंडा मकवानपुरका प्रतिनिधि राममणि बर्तौला लगायतको उपस्थितिमा सम्झौता गरिएको बताइएको छ ।

# माधव नेपाललाई पार्टीमा ठाउँ छैन : एमाले अध्यक्ष ओली

**रासस**/काठमाडौं

नेकपा एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाललाई अब एमालेमा कुनै ठाउँ नभएको बताउनुभएको छ । बुधबार सरकारी निवास बालुवाटार छाडेर निजी निवास बालकोट पुग्नुभएका अध्यक्ष ओलीले आफ्ना समर्थकलाई सम्बोधन गर्दै नेता नेपाललाई पार्टीमा अब कुनै ठाउँ नरहेको घोषणा गर्नुभयो । उहाँले भन्नुभयो, 'माधव नेपाललाई अब पार्टीमा कुनै ठाउँ छैन, उहाँका हकमा गल्ती कमजोरी स्वीकार गर्ने र आत्मालोचना गर्ने पनि ठाउँ छैन, नेपालका पछाडि लाग्ने अरू व्यक्तिले कमीकमजोरी महसुस गरेर पार्टीको काम गर्न चाहेमा भने पार्टीले ठाउँ दिन्छ ।'

अदालतले प्रधानमन्त्री तोकेर विश्वमा कहीँ नभएको जात्रा देखाएको छ भन्दै उहाँले जनताको बाटो छेकेर अदालतबाट प्रधानमन्त्री तोक्ने विश्वमा कहीँ नभएको नजिर कायम गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'जनादेशबाट होइन परमादेशबाट, काम गर्न नसकेर होइन, देशको विकास गरेर, राष्ट्रलाई एकजुट बनाएर, संविधान कार्यान्वयन गराएर, सर्वस्वीकार्य बनाएर, विकास अगाडि बढाएर अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि अगाडि बढाएर काम गर्दागर्दै जालझेल, कपट, षड्यन्त्रस्वरूप अदालतमा मुद्दा हालेर हटाइयो ।'

अध्यक्ष ओलीले सबैलाई पुग्ने खोपको व्यवस्था आफनो नेतृत्वको सरकारले गरिसकेकाले कसैलाई खोपको कमी नहुने दाबी गर्नुभयो। उहाँले भन्नुभयो, 'हामीले सबै नेपालीलाई पुग्ने खोपको व्यवस्था गरिसकेका छौँ । खोपको कुनै कमी छैन, मैले हिजो नै भनेको थिएँ, खोपको व्यवस्था मैले गरिसकेको छु, विभिन्न देशबाट छिट्टै खोप आउँछ तर मैले खोप ल्याएँ भनेर कसैले भन्छ भने त्यो लाजमर्दो हुन्छ ।'

अध्यक्ष ओलीले सरकारी निवास बालुवाटार छाडेर बालकोट पुग्दा हजारौँ कार्यकर्ताले सडकमै बसेर स्वागत गरेका थिए । एमालेका

बाँकी तेश्रो पेजमा

# आँबुखैरेनीमा बहुउद्देश्यीय भवनको शिलान्यास

**भञ्ज्याङ समाचारदाता**/आँवुखैरेनी

तनहुँको आँबुखैरेनी गाउँपालिकाले निर्माण गर्न लागेको पाँच तले बहुउद्देश्यीय भवनको



शिलान्यास गरिएको छ । गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले बुधबार एक कार्यक्रमबीच भवनको शिलान्यास गरेका छन् ।

कूल लागत १३ करोड ७४ लाख एक हजार ७८१ रूपैयाँ लागतमा भवन निर्माण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी गराए । गाउँपालिकाको नाममा रहेको ४९३.५८ वर्गमिटर क्षेत्रफलमा भवन निर्माण गर्न लागिएको हो। भवन पाँच तलाको बनाउने लक्ष्य रहे पनि पहिलो चरणमा तीन तलाको निर्माण गरिने गाउँपालिकाले जनाएको छ । पहिलो चरणामा दुई करोड ३९ लाख ८८ हजार ७७८ रूपैयाँ बजेट विनियोजन गरिएको छ । उक्त

बाँकी तेश्रो पेजमा

## सम्पादकीय

# स्थानीय पालिका

आजबाट आर्थिक वर्ष २०७७/०७८ सकिएको छ । यो आर्थिक वर्षमा बनाइएका योजना तथा विनियोजित बजेटको कार्यान्वयन के कसरी भयो त्यो मूल्याङ्कन गर्ने समय पनि निकटमा आएको छ । संवैधानिक व्यवस्था अनुसार अधिकांश स्थानीय तहहरूले असार १० गते आगामि आर्थिक वर्षको प्रस्तावित नीति, कार्यक्रम र बजेट सार्वजनिक गरी पारित समेत गरिसकेका छन् । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐनमा सबै स्थानीय सरकारले असार १० गतेभित्र आगामी वर्षको नीति, कार्यक्रम र बजेट आ–आफ्नो सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । यसपटक कोभिडको महामारीबाट नागरिकको जीवन उत्थान गर्ने, अर्थतन्त्रको शीघ्र पुनःउत्थानका गतिविधि सञ्चालन गर्ने जस्ता विषयलाई प्राथमिकतामा राखेर तनहुँका स्थानीय तहले नीति, कार्यक्रम र बजेट बनाएका छन् । पाँच वर्षे कार्यकालका लागि निर्वाचित स्थानीय तहका जनप्रतिनिधिका लागि यो वर्ष बजेट निर्माण गर्ने अन्तिम वर्ष हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसअघि नै सबै स्थानीय तहलाई आगामी वर्षको नीति, कार्यक्रम र बजेट असार १० गतेभित्र पेस गर्न आग्रह गरिसकेको थियो । संघीय सरकारले जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र सबै स्थानीय सरकारले असार १० गतेभित्र आगामी वर्षको नीति, कार्यक्रम र बजेट सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । संघीय र प्रदेश सरकारले आगामी वर्षको नीति, कार्यक्रम र बजेट सार्वजनिक गरिसकेका छन् । स्थानीय तहलाई संघीय र प्रदेश सरकारले समानीकरण अनुदान, समपुरक, राजश्व बाँडफाँटबाट प्राप्त अनुदान, विशेष र ससर्त अनुदान शीर्षकमा बजेट उपलब्ध गराएका छन् । संघीय र सबै प्रदेश सरकारले कोरोनाबाट सिर्जित समस्या समाधान गर्ने, स्वास्थ्य पूर्वाधार तयार गर्ने गरी नीति कार्यक्रम र बजेट ल्याएका छन् ।

तनहुँका स्थानीय तहले आर्थिक वर्ष २०७८/०७९ का लागि ७ अरब, ४३ करोड ५१ लाख ९४ हजार ५०० रूपैयाँ बराबरको अनुमानित बजेट प्रस्ताव गरेका छन् । जिल्लाका ६ गाउँपालिका र ४ नगरपालिका मध्ये भानु नगरपालिकाले बाहेक अन्य सबै पालिकाले आगामि आर्थिक वर्षका लागि प्रस्तावित नीति, कार्यक्रम र बजेट सार्वजनिक गरेका छन् । जिल्लाको व्यास नगरपालिकाले १ अरब ७७ करोड ८९ लाख १२ हजार रूपैयाँ शुक्लागण्डकी नगरपालिकाले १ अरब ६ करोड ८६ लाख २० हजार रूपैयाँ, भिमाद नगरपालिकाले आगामि आर्थिक वर्षका लागि ५८ करोड ५६ लाख ८ हजार रूपैयाँ, भानु नगरपालिकाले करिब ७५ करोड रूपैयाँ बराबरको बजेट ल्याउने तयारी गरेको छ । देवघाट गाउँपालिकाले ४८ करोड ६९ लाख ७८ हजार रूपैयाँ, आँवुखैरेनी गाउँपालिकाको नवौं गाउँसभाले ६१ करोड ७० लाख ६१ हजार रूपैयाँ, बन्दिपुर गाउँपालिकाले ५१ करोड ३४ लाख १ हजार ५०० रूपैयाँ, म्याग्दे गाउँपालिको ६५ करोड ८२ लाख ६१ हजार रूपैयाँ, घिरिङ गाउँपालिकाले आगामि आर्थिक वर्षका लागि ४६ करोड ३४ लाख रूपैयाँ, ऋषिङ गाउँपालिकाले ५२ करोड २९ लाख ५३ हजार रूपैयाँ बराबरको अनुमानित राजश्व र व्यायको बजेट पेश गरेका छन्। तनहुँका स्थानीय पालिकाहरूले आगामि आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा कोरोना कहरले पुऱ्याएको असरलाई लक्षित गरी कृषि उत्पादन वृद्धि, बेरोजगार बनेका युवाहरूलाई घरगाउँमा स्वरोजगार बनाउने तथा स्वास्थ्य, शिक्षा, पर्यटन लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेका छन् । यी क्षेत्रलाई लक्षित गरी नीति, कार्यक्रम बनाई सोही अनुसारको बजेट व्यवस्थापन गरी देखिने गरी र युवाहरूलाई आ–आफ्नै गाउँठाउँमै स्वरोजगार हुने वातावरण सृजना गर्न स्थानीय पालिकाहरूले विशेष ध्यान दिनुका साथै कार्यक्रमलाई सोही अनुसार अगाडि बढाउनु पर्दछ ।

# समृद्धि र विकासका कसीमा निवर्तमान प्रधानमन्त्री ओलीको कार्यकाल

प्रकाश सिलवाल

समृद्ध नेपालको दीर्घकालीन सोचसहित सामाजिक न्याय, समृद्धि र विकासको यात्रा शुरू गरेका प्रधानमन्त्री केपी शर्मा ओली मंगलबारदेखि सरकारको नेतृत्वबाट बाहिरिनुभएको छ । कोभिड–१९ को महामारी रोकथामसँगै आर्थिक विकास, संघीयताको कार्यान्वयन, भूकम्पपछिको पुनर्निर्माण, हिंसात्मक राजनीतिमा रहेका समूहसँग वार्ता गरी मूल प्रवाहमा ल्याउने सहमति तथा राष्ट्रियताको थप सबलीकरणका क्षेत्रमा ओलीको कार्यकाल सम्झनलायक देखिन्छ । गत निर्वाचनमा वाम गठबन्धनको माध्यमबाट समृद्धि र स्थायित्वको तथा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाको नाराका आधारमा सुविधाजनक बहुमत प्राप्त गरेर सरकारको नेतृत्वमा पुगे पनि पार्टीभित्रको विभाजन र त्यसपछि उत्पन्न घटनाक्रमले ओली प्रतिपक्षमा पुग्नुभएको छ । प्रतिनिधिसभा विघटनविरूद्धको रिटमा सोमबार सर्वोच्च अदालतले पुनर्स्थापना सहित प्रधानमन्त्रीमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई नियुक्त गर्न परमादेश दिएको थियो ।

विसं २०७४ फागुन ३ गते प्रधानमन्त्रीका दोस्रो कार्याकालका लागि नियुक्त संसद्को सबैभन्दा ठूलो दल नेकपा (एमाले)का अध्यक्ष ओलीकै कार्यकालमा कोभिड विरूद्धको खोप निःशुल्क लगाउन अभियान शुरू भएको छ भने रेलमार्ग, सुरूङमार्गजस्ता ठूला पूर्वाधार विकासको आरम्भ भएको छ । गल्छी–रसुवागढी–केरूङ चार सय केभी क्षमताको अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण गर्न नेपाल विद्युत् प्राधिकरण र स्टेट ग्रिड कर्पोरेशन लिमिटेड चाइनाबीच सम्झदारीपत्र सम्पन्न भएको छ । नेपाल–भारत सीमादेखि भारतको गोरखपुरसम्मको १२० किलोमिटर लम्बाइको चार सय केभी अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरण र भारतको पावरग्रिड कर्पोरेशन अफ इन्डिया लिमिटेडको ५०–५० प्रतिशत शेयर पूँजी रहने गरी संयुक्त स्वामित्वको कम्पनी स्थापना गर्न दुई देशबीच सहमति भएको छ । विकास निर्माणको सिलसिलामा ओली नेतृत्वको सरकारले अरू धेरै उदाहरणीय काम गरेको छ । नेपालको उत्पादित विद्युत् भारत र बङ्गलादेश तथा अन्यत्र पनि वितरण गर्नका लागि कार्य अगाडि बढाइएको छ भने नेपाल र चीनबीच ऊर्जा सहमति र सहकार्यको सम्झौता सम्पन्न भएको छ ।

मुजफ्फरपुर–ढल्केबर अन्तरदेशीय विद्युत् प्रसारण लाइनको भारतका प्रधानमन्त्रीसँग संयुक्तरूपमा उद्घाटन गरेर सञ्चालनमा आएपछि विद्युत् आयातनिर्यातको ढोका खुलिसकेको छ । एमसिसी कम्प्याक्ट अन्तर्गत लप्सेफेदी–रातामाटे–दमौली–हेटौंडा–पाल्पा–बुटवल र गोरखपुरसम्म अन्तरदेशीय विद्युत् प्रसारण लाइन र आवश्यक सशस्टेशन निर्माणको कार्य सम्पन्न गर्ने योजना दीर्घकालीन महत्वको मात्र नभएर नेपालको अपार जलविद्युत् सामर्थ्य उपयोगमा कोसेढुङ्गा हुनेछ । अमेरिकी सरकारको करीब ५५ अर्ब अनुदान र हाम्रो १४ अर्ब हाराहारीको लगानीका साथ सम्पन्न हुने यस परियोजनाले राष्ट्रिय गौरवको योजनाको महत्व र हैसियत प्राप्त गरेको छ । यही बीचमा वर्ष २०७६ मा मानव विकास सूचकाङ्क, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति तथा कानूनी शासन, भ्रष्टाचार निवारण, पर्यटकीय प्रतिस्पर्धा, लैङ्गिक समानताजस्ता विश्वव्यापी सूचकाङ्कमा नेपालले उल्लेख सुधार गरेको थियो । विश्व बैंकले हालै सार्वजनिक गरेको 'वुमेन, बिजनेस एन्ड दल–२०२०' रिपोर्टका अनुसार महिला, व्यवसाय र कानूनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशको सूचीमा नेपाल उत्कृष्ट तीनमा परेको छ ।

विगत २४ वर्षदेखि चर्चामा मात्रै रहेको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन, भारतको औपचारिक भ्रमणको समयमा मैले त्यहाँका प्रधानमन्त्रीसँग संयुक्त रूपमा शिल्यान्यास भई कार्यान्वयनमा आएको छ । सबै नेपालीको टेलिफोन सेवामा पहुँच पुगेको छ । हाल करीब ७० प्रतिशत जनसंख्याले इन्टरनेटको सुविधाको उपभोग गरेका छन् र सबै जिल्लामा फोर–जी सेवा पुगेको छ । भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत निजी घरको निर्माण सम्पन्न भएको छ र ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाको पुनर्निर्माण भएको छ । जनता आवास कार्यक्रमअन्तर्गत आठ हजार आवास इकाइहरु निर्माण गरिएका छन् । विसं २०७५ साल चैत १७ गते राति आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सामा क्षति भएका ८६९ घरको सम्पूर्ण निर्माण सम्पन्न गरी उपभोक्ताहरूलाई हस्तान्तरण भएको थियो । विद्यालयमा खुद विद्यार्थी भर्नादर शत्प्रतिशत हुँदैछ । विद्यालय छाड्ने दर २.६ प्रतिशतमा झरेको छ । संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदन 'अ वल्ड रेडी टु लर्न' मा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्ना दर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको छ । स्वास्थ्य बीमा जम्मा १५ जिल्लाबाट ५० भन्दा बढीमा जिल्लाका करीब ३० लाखले लाभ लिन सक्ने गरी विस्तार भएको छ । स्वास्थ्य पूर्वाधारमा ऐतिहासिक विकासको थालनी भएको छ ।

दक्षिण एशियामा नेपाल यसै अवधिमा पहिलो खुला दिसामुक्त मुलुक घोषणा भएको छ। शत्प्रतिशत जनसंख्यामा आधारभूतस्तरको सरसफाइको पहुँच छ । कूल जनसङ्ख्यामध्ये ८९ प्रतिशत जनतामा आधारभूतस्तरको खानेपानीमा पहुँच छ । तराई मधेशका २० जिल्लामा ४११ किलोमिटर ढल निर्माण गरिएको छ । तराई मधेशमा ढल निर्माण, सरसफाइको क्षेत्रमा नयाँ प्रगति हो र यो अङ्क तथा अनुभूति दुवै हो । काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न बञ्चरेडाँडामा आधुनिक प्रविधियुक्त स्यानेटरी ल्यान्डफिल्ड साइट निर्माणको पहिलो चरणको काम आगामी चैतभित्र सम्पन्न हुँदैछ। संघीय संसद् भवन तीन वर्षमा सक्नेगरी निर्माण आरम्भ गरिएको छ । ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सभाहल उद्घाटन भएको छ ।



सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो भएको छ । अहिले विभिन्न आठ प्रकारका सामाजिक सहायताका कार्यक्रम सञ्चालित छन् । यसबाट करीब एक करोड जनता समेटिएका छन् । यस अवधिमा श्रमिकको पारिश्रमिकमा ३९ प्रतिशतले वृद्धि भएको छ । खुद ज्याला, महँगीको अनुपातभन्दा माथि भएकाले केही हदसम्म भवितव्यको सामना गर्न बचत गर्नसक्ने अवस्था छ । कूल जनसंख्याको झण्डै १० प्रतिशत अर्थात् २८ लाखभन्दा बढीले कुनै न कुनै किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई राष्ट्रिय अभियानका रूपमा प्रारम्भ गरिएको छ । सबै प्रकारका रोजगारीमा संलग्नहरूको भविष्यसँग जोडिएको र मुलुकलाई कल्याणकारी राज्यमा रूपान्तरण गर्ने यस युगान्तकारी कार्यक्रमलाई आम श्रमजीवी वर्गको तहमा विस्तार गर्न जरूरी भएको अध्यक्ष ओलीको भनाइ छ । नयाँ सरकार बन्न लागेको स्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट देशवासीका नाममा सम्बोधन गर्दै ओलीले धैर्य, सावधानी र आत्मविश्वासका साथ कोभिड–१९ को रोकथाम र नियन्त्रणका साथै सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली'को यात्रालाई अघि बढाएको बताउनुभएको थियो ।

तत्कालीन पूर्वाधार विज्ञ (सल्लाहकार) गजेन्द्र थपलियाका अनुसार ओली प्रधानमन्त्री हुँदा शिलान्यास गर्नुभएका ४९ वटा आयोजनाको निरन्तर कामको प्रगति र चासो राख्ने काम जारी रहेको थियो । रानीपोखरी, धरहरा पुनर्निर्माण, मेलाम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोसी जलविद्युत् आयोजना तीन हजार क्षमताको सभाहलजस्ता केही उदाहरण हुन् । कोरोनाका कारणले भैरहवा एअरपोर्ट, पोखरा एअरपोर्ट, लुम्बिनीको पाँच हजार क्षमताको सभाहल, रेल सञ्चालन जस्ता काम सम्पन्न हुन ढिलाइ भएको छ। नागढुङ्गा टनेलमार्ग, बबई, भेरी बबई, सुनकोसी मरिन बहुउद्देश्यीय आयोजना, सिक्टा, रानी जमरा गुलरिया, महाकाली सिँचाइ, हुलाकी राजमार्ग, पुष्पलाल (मध्य पहाडी) लोकमार्ग, मदन भण्डारी राजमार्ग, उत्तर दक्षिण कोसी, कालीगण्डकी, कर्णाली करिडोरलगायत अन्य आयोजनामा अनुगमन र समस्या समाधानमा प्रधानमन्त्री र उहाँको सचिवालयले नियमित काम गरेको थियो । रासस

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
लगनशीलताले परिस्थितिलाई बदल्न सकिनेछ र पछि लाभ हुने काम प्रारम्भ हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पहिलेको सफलताले हौसला जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
नयाँ काममा हात हाल्ने समय छ। केही संघर्ष गर्नुपरे पनि फाइदा उठाउन सकिनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
पहिलेको सफलताले थप हौसला जगाउनेछ । सहयोगीहरु प्रशस्तै भेटिनेछन् ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
सुखदु:खमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन् र परिवारजनको साथले नयाँ आशा जगाउनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनका सन्दर्भमा भ्रमण हुन सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अवसरसँगै चुनौतीसमेत देखा पर्नेछन् । होसियारीसाथ काममा जुट्नुहोला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
चुनौती चिर्दै काम बनाउन सकिनेछ। ईर्ष्या गर्नेहरूबाट केही सावधान भने रहनुपर्ला ।

# माधव नेपाललाई .........

केन्द्रीय सदस्य महेश बस्नेत इञ्चार्ज रहेको युवा संघ नेपाल र युथ फोर्सका स्कर्टिङमा बालुवाटारबाट निस्केको ऱ्याली दरबारमार्ग, त्रिपुरेश्वर, माइतीघर, कोटेश्वर, कौशल्टार हुँदै बालकोट पुगेको थियो । पानीमा भिज्दै ओलीको समर्थनमा नाराबाजी गर्दै बालकोट आएको ऱ्यालीमा बाजागाजासहित पुष्पगुच्छा अर्पण गर्दै स्थानीयवासीले स्वागत मात्रै गरेनन्, अभिनन्दनसमेत गर्न भ्याए।

सडकमा दायाँबायाँ हातमा फूल लिएर बसेका सयौं नागरिकले अध्यक्ष ओलीको गाडी रोकेर फूलका थुँगा दिएका थिए । ओली निवासमा सूर्यविनायक नगरपालिकाका तर्फबाट नगरप्रमुख वासुदेव थापाले अभिनन्दन गर्नुभयो । सडकदेखि घरको छतमा बसेर नागरिकले फूलका गुच्छाले स्वागत गर्नाका साथै नागरिकले अभिनन्दन गरेका थिए ।

के तपाई अण्डा, चल्ला, कच्चा पदार्थ, दाना लगायतका वस्तु थोक तथा खुद्रा सुपथ मूल्यको खोजी हुनुहुन्छ ?

**अब हामीलाई सम्झनुहोस**



**प्रो. मान बहादुर श्रेष्ठ**

**दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स**

ब्यास-४, बागबजार, दमौली, तनहुँ ।

फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२

# मोबाइल एप सञ्चालनमा

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेशमा सञ्चालित घरवास सेवालाई प्रभावकारी बनाउने उद्देश्यका साथ नेपाल पर्यटन बोर्डको सहयोग एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको संयोजनमा होमस्टे मोवाइल एप सेवा सञ्चालनमा ल्याइएको छ। भिटोफ गण्डकी प्रदेशको आयोजनामा जुम प्रविधिमार्फत आज आयोजित एक कार्यक्रमकाबीच सो सेवा सञ्चालन शुभारम्भ गरिएको हो । सो सेवाको शुभारम्भ गर्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले गाउँ पर्यटनको प्रवर्द्धन र विकासका लागि प्रविधिको प्रयोग प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । भिटोफ गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले गण्डकी प्रदेश भित्रका घरवासलाई अनलाइन प्रविधिमार्फत बुकिङ गर्न मिल्ने, पैसा तिर्न मिल्ने सुविधा एवं सबै घरवासबारे बुझ्न मिल्ने गरी बहुआयमिक नामक होमस्टे मोबाइल एप सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । पहिलो चरणमा यो भिटोफ गण्डकी प्रदेशबाट सञ्चालन हुने र सम्बन्धित होमस्टेहरु सक्षम भएपछि उनीहरूले नै सञ्चालन गर्न सक्ने उहाँले बताउनुभयो । उहाँका अनुसार हाल ५० वटा होमस्टे बुकिङ गर्न मिल्ने छ भने अन्य २५४ होमस्टेका विवरण त्यहीबाट जानकारी लिन सकिने छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले नविनतम प्रविधिको प्रयोगमार्फत पर्यटन सेवालाई सहज र सरल बनाउँदै लैजान यो बहुउपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा भिटोफ नेपालका केन्द्रीय अध्यक्ष ध्रुव सिम्खडा, आन्तरिक पर्यटन पुनरूत्थान समिती गण्डकी प्रदेश संयोजक अग्नि कँडेल, पोखरा महानगरपालिका होमस्टे व्यवस्थापन समिति संयोजक खगराज आचार्य, भिटोफ गण्डकीका सल्लाहकार टीकाराम सापकोटा, डा रामजी शर्मा लगायतले प्रविधिको सञ्चालनसँगै घरवास पर्यटनको प्रभावकारिता बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

# कोभिड भारत: महामारीको तेस्रो लहर 'अवश्यम्भावी' भएको चेतावनी

**बीबीसी**

भारतभरि यात्रासम्बन्धी प्रतिबन्ध खुकुलो हुँदै गएको अवस्थामा भारतीय चिकित्सकहरूको संस्थाले कोभिड महामारीको तेस्रो लहर 'अवश्यम्भावी' रहेको चेतावनी दिएका छन्। केही समययता भारतका प्रख्यात पर्यटकीय गन्तव्यहरुमा पहिलाको जस्तै मानिसहरूको घुइँचो लाग्न थालेको देखिने तस्बिर र भिडिओहरु भाइरल भएका छन्। ती भिडिओमा सार्वजनिक स्थलमा उनीहरूले मास्क लगाएको वा सामाजिक दूरी कायम गरेको देखिँदैन । भारतमा गत मे महिनामा कोरोनाभाइरस महामारी उत्कर्षमा पुगेको बेला प्रतिदिन ४००,००० संक्रमितहरु थपिने गरेका थिए। तर अहिले दैनिक पुष्टि हुने संक्रमतिको संख्या घटेर ४०,००० भन्दा केही बढी भएको देखिन्छ। राज्य सरकारहरूले लागु गरेको कडा प्रतिबन्धात्मक व्यवस्थाका कारण संक्रमण फैलिने क्रम घटेको थियो। तर अहिले प्रतिबन्धहरु खुकुलो पारिएको छ।

भारतमा खोप लगाउन योग्यमध्ये ६ प्रतिशतले मात्रै दुबै मात्रा लगाएको र झन्डै २२ प्रतिशतले एक मात्रा लगाएको अवस्थामा संक्रमितहरूको संख्यामा केही कमी देखिएको भए पनि कोरोनाभाइरसको तेस्रो लहरको जोखिममा हुन सक्ने विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। भारतीय चिकित्सकहरूको प्रतिनिधित्व गर्ने संस्था इन्डियन मेडिकल एसोसिएसनले (आईएमए) 'सरकार र सर्वसाधारणले दुवै निर्धक्क भएर कोभिड प्रोटोकलको पालना नगरी भिडभाड गरिरहेको देखिनु दु:खद रहेको' टिप्पणी गरको छ।

पर्यटकीय चहलपहल, तीर्थयात्रा, धार्मिक गतिविधि सबै आवश्यक भए पनि तिनका केही महिना कुर्न उपयुक्त हुने आईएमएले जनाएको छ । कोभिडको दोस्रो लहरबाट मुक्त हुँदै गर्दा भारतका कैयौं राज्यमा पर्यटक र धार्मिक कार्यक्रमहरु निर्बाध रूपमा सञ्चालन भइरहेका छन् । तर विज्ञहरु भने त्यसको परिणामबारे चिन्तित छन् । गत एप्रिल महिनामा भारतको हरिद्वारमा लाखौं मानिसहरु कुम्भमेलामा सहभागी हुन भेला भएका थिए । कैयौं सहरमा अक्सिजन र अस्पताल शय्याको अभाव देखिएका बेला उक्त कार्यक्रम अघि बढाइएको थियो। कुम्भ मेलामा सहभागी भएर आएका कैयौं मानिसहरु कोभिड पुष्टि भएको थियो । अहिले भारतको उत्तर प्रदेश राज्यका निकायहरु जुलाई २५ तारिखबाट काँवरिया यात्रा आयोजना गर्ने तयारीमा छन्।

भारतमा प्रतिदिन ४० लाखले खोप लगाइरहेका छन् । तर यो वर्षको अन्त्यसम्ममा १८ वर्षमाथिका सबैलाई खोप लगाइसक्ने उसको लक्ष्य पूरा गर्न दैनिक ८० देखि ९० लाख खोप लगाइनुपर्ने हुन्छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९८/०२/०६

**स्व. ईश्वर गोपाल प्रधान**

स्वर्गारोहण
२०७८/०३/१९

बन्दिपुर पर्यटन विकास समिति तनहुँका अध्यक्ष **श्री किसन प्रधान**का पुजनीय पिता **ईश्वर गोपाल प्रधानको** असामयिक स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ । आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौ । साथै यस दु:खदु घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**बन्दिपुर पर्यटन विकास समिति परिवार**

बन्दिपुर, तनहुँ

# आँबुखैरेनीमा...

भवनको जिम्मा श्री ज्ञान ज्योति बिल्डर्स प्राली काभ्रेले पाएको छ। विसं २०७९ कात्तिक १५ गतेभित्रमा सम्पन्न गर्नुपर्ने गरी सम्झौता गरिएको गाउँपालिकाका सूचना अधिकारी शिखरलाल डोटेलले जानकारी दिए ।

यस्तै, आव ०७५/०७६ मा गाउँपालिकाले प्रशासकीय भवन निर्माण कार्य शुरू गरेको थियो । उक्त भवनको पहिलो चरणमा छिम्केश्वरी निर्माण सेवा आँबुखैरेनीले पाएको थियो । उक्त निर्माण कम्पनीलाई गाउँपालिकाले एक करोड १७ लाख ६७ हजार ३५४ रूपैयाँ भुक्तानी गरेको गाउँपालिकाले जनाएको छ ।

दोस्रो चरणमा आव ०७७/०७८ मा सिजल कन्सक्ट्रसन जेभीले कामको जिम्मा पाएको थियो । सम्झौता २०७६ माघ २१ गते सम्झौता गरी २०७८ साउन २१ गते निर्माण सम्पन्न हुँदैछ । उक्त निर्माण कम्पनीले एक करोड ९१ लाख १० हजार ११२ रूपैयाँमा सम्झौता गरेको थियो । उक्त भवन ३२३.२२ वर्गमिटर क्षेत्रफलमा निर्माण गरिएको गाउँपालिकाले जनाएको छ ।

**स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !**

**श्रावण ०२ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र पोखरा डाइविटिज-एण्ड-थाइराइड सेन्टरका वरिष्ठ फिजीसियन, मधुमेह तथा थाईरोइड रोग विशेषज्ञ **डा. तिर्थलाल उपाध्याय**द्वारा शरीर गल्ने, मुख सुक्ने, पिसाब छिटोछिटो हुने, भोक लागिरहने तर दुब्लाउदै जाने, शरीर सुनिने, प्रेसर बढी हुने, मुटुको समस्या आउने, मन आतिने, शरीर भारी हुने, कपाल झर्ने, बच्चा नहुने बाँझो पना आउने आदि समस्या भएमा तुरून्त सम्पर्क राखी सेवा लिनु होस्।

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५

**NOVEL CORONA VIRUS (COVID-19)**

**सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश**

नोभल कोरोना भाइरसका
मुख्य लक्षणहरु

ज्वरो (१००.४° f भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

कोरोना प्रभावित देशहरूबाट आएका मानिसहरूमा यदि दुई हप्ता भित्र रुघा-खोकी लाग्ने, ज्वरो आउने, घाटी टाउको दुख्ने, श्वास-प्रवासमा अत्याधिक समस्या हुने जस्ता समस्याहरू देखिएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा गई चेक जाँच गराऔं ।

नोभल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने

खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu Like Symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने

जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने

पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने

**सार्वजनिक हितका लागि जारी सन्देश**

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**

दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६

www.bhanjyangnews.com, Email : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**महिला स्वास्थ्यकर्मीहरूको बिदाई :** तनहुँको व्यास नगरपालिकाकामा कार्यरत ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्यकर्मीहरूको बुधबार सम्मानपूर्वक विदाई गरिदै । नगरप्रमुख वैकुण्ठ न्यौपाने, उपप्रमुख मीरा जोशी, प्रवक्ता मोहनकुमार श्रेष्ठले १४ जना महिला स्वास्थ्यकर्मीलाई दोसल्ला, प्रशंसापत्र र नगद ३५ हजार रूपैयाँ सहित बिदाइ गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# भेटिए द्वन्द्वमा बेपत्ता ३१ व्यक्ति

**रासस**/काठमाडौं

नेपालमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वमा बेपत्ता भएका ३१ व्यक्ति सकुशल अवस्थामा परिवारको सम्पर्कमा आएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले उजुरीको छानबिनका लागि पीडितको परिवारलाई भेट्ने क्रममा ती व्यक्ति परिवारसँग सकुशल अवस्थामा रहेको पाइएको हो । "बेपत्ता व्यक्तिको परिवारसँग भेट्ने क्रममा ३१ व्यक्ति सम्पर्कमा आएका छन्, परिवारसँग सकुशल भेटिएका छन्", आयोगका अध्यक्ष युवराज सुवेदीले भन्नुभयो, "अध्ययन गर्दै जाँदा भेट्ने क्रम जारी छ, अरू पनि भेटिन्छन् भन्ने आयोगलाई विश्वास छ ।"

आयोगले उजुरीको अध्ययन गरी छानबिन गर्न जाने क्रममा हालसम्म भेटिएका बेपत्ता व्यक्तिमा नुवाकोट विदुर नगरपालिका-१२ का लछुमनप्रसाद भट्ट, स्याङ्जा वालिङ नगरपालिका-६ का गोपालप्रसाद अर्याल, कैलाली घोडाघोडी नगरपालिका-१३ का हेमराज जोशी, कञ्चनपुर पुनर्वास नगरपालिका-१० का कृष्णप्रसाद दुलाल र इलाम माइनगरपालिका-७ का चन्द्रबहादुर शाह रहनुभएको छ ।

त्यस्तै झापा कमल गाउँपालिका-१ का भीष्मजङ्ग रायमाझी, चितवन भरतपुर उपमहानगरपालिका-१३ का गंगाधर तिमिल्सिना, रूकुमपश्चिम सानीभेरी गाउँपालिका-११ का उमेश विक, दार्चुला नौगाड गाउँपालिका-५ का विक्रमसिंह ठगुन्ना, ओखलढुङ्गा सिद्धिचरण नगरपालिका-२ का रोहित भट्टराई, डडेलधुरा परशुराम नगरपालिका-९ का कालुसिंह ठगुन्ना, नवलपरासी (बर्दघाटसुस्ता पश्चिम) रामग्राम नगरपालिका-१५ का केशवप्रसाद उपाध्याय पौडेल र गोरखा नारेश्वर-६ का राजुविक्रम शाह फेला पर्नुभएको हो ।

फेला पर्नुभएका अन्य व्यक्तिमा मोरङ मिक्लाजुङ गाउँपालिका-३ का कुमार सुवेदी, ललितपुर गोदावरी नगरपालिका-१३ का राजकुमार राना, कञ्चनपुर भीमदत्त नगरपालिका-१८ का धनबहादुर दाहाल, बाजुरा खप्तड छेडेदह गाउँपालिका-२ का डबल बुढा र तनहुँ म्याग्दे गाउँपालिका-१ का शिवप्रसाद खनाल रहनुभएको छ।

त्यस्तै भोजपुर नगरपालिका-३ का रामकुमार राई, भोजपुर रामप्रसाद राई गाउँपालिका-३ का बबिन राई, संखुवासभा चैनपुर-११ का जगनाथ हेडवा र लक्ष्मीबहादुर बुढा, डोटी शिखर नगरपालिकाका जनक भण्डारी, चितवन रत्ननगर नगरपालिकाका बेनीमाया अधिकारी र रौतहट गौर नगरपालिका-१ का सन्तोष जैसवाल परिवारसँग सकुशल भेएिका हुन्। त्यस्तै दैलेख नारायण नगरपालिका-६ का जयाप्रसाद जैशी, स्याङ्जा पुतलीबजार नगरपालिका-२ का टुकबहादुर पौडेल, सल्यान कालिमाटी गाउँपालिका-१ का पहलमान बस्नेत, ताप्लेजुङ मिक्वाखोला गाउँपालिका-१ का नीलबहादुर थापा र सर्लाही बसबरिया गाउँपालिका-३ का हरिमोहन चौधरी परिवारको साथमा भेटिनुभएको हो ।

नेपालमा विसं २०५२ फागुन १ देखि २०६३ मंसिर ५ सम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारिएको भनेर आयोगमा उजुरी परेको थियो । सोही उजुरीको अध्ययन गर्ने क्रममा ३१ व्यक्ति फेला पारी हाल परिवारको सम्पर्कमा रहेका छन् । आयोगमा परेका तीन हजार २२३ उजुरीमध्ये २३७ उजुरी सत्य निरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको थियो । त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको थियो । साथै २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखिएको थियो ।

आयोगले दुई हजार ४९५ उजुरीमा विस्तृत छानबिन गरिरहेको छ । उजुरीका आधारमा दुई हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ। आयोगका अनुसार दुई हजार २७४ उजुरीमा उजुरीकर्ता बुझ्नेलगायतका काम सम्पन्न भएको छ । उजुरी परेका ७५ जिल्लामध्ये ७३ जिल्लाको स्थलगत भ्रमण गरी आयोगले अनुसन्धान गरिसकेको छ भने १५ जिल्लाका १८८ परिवारका ५४० जनालाई पीडित परिचयपत्र वितरणसमेत गरिसकेको छ ।

# घामपानी दुबैमा नारायणगढ-मुग्लिन सडक जोखिममा

**रासस**/चितवन

पहिराले खाल्डै खाल्डा बनाएको नारायणगढ-मुग्लिन सडकको स्तरोन्नतिसँगै धेरैले सहज यात्राको अपेक्षा गरेका थिए। यो लामो समय बित्न नपाउँदै सडक ठाउँठाउँमा भत्किएका छन् भने पहिरो रोक्नका लागि गरिएको प्रयास सफल हुनसकेको छैन । धेरै ठाउँ सुरक्षित भए पनि पछिल्ला वर्षमा नयाँ ठाउँमा पहिरो खस्न थालेपछि यात्रा जोखिमपूर्ण बनेको छ । यसवर्ष सो सडकका चार ठाउँमा घाम र पानी दुबैमा पहिरो खसेर दुःख दिएको छ । वर्षासँगै सेती दोभान र कालीखोलामा नयाँ पहिरो झरेका हुन भने चार किलो र पाँच किलोमा पुरानै स्थानमा पहिरो खसेका छन् ।

सेतीदोभान भरतपुर महानगरपालिका वडा नम्बर २९ मा पर्दछ भने अन्य इच्छाकामना गाउँपालिकामा पर्दछ । बिगत ६ वर्ष देखि सो सडक हेर्दै आउनु भएका डिभिजन सडक कार्यालय चितवनका सूचना अधिकारी इञ्जिनीयर शिव खनालका अनुसार सेती दोभानमा ८० मिटरमाथिसम्म पहाड छ । सोही पहाडबाट पहिरो झर्ने गरेको छ । माथिल्लो ६ मिटर लगभग ६ मिटर भागमा माटो छ भने अन्य भागमा गेग्र्यान र चट्टान रहेको छ। बीचमा पानीको मुहान भएको उहाँले जानकारी दिनुभयो ।

चार किलोमा माथि १५० मिटरसम्म जाली लगाएर पहिरो रोक्ने काम गरिएको छ । त्यो भन्दा माथिबाट पहिरो झरेको उहाँले जानकारी दिनुभयो । त्यहाँ फुटेका चट्टान रहेका छन् । पाँच किलोमा माथिबाट खोलिएको शाखा सडकसँगै लेदो झरेर दुःख दिइरहेको छ । कालीखोला नजिकै पहिलो पटक पहिरो खसेको हो। पहिरो रोकिएका सामग्रीसहित रूख बिरूवा पहिरोसँगै झरेका हुन । त्यहाँ पनि चार किलोको जस्तै फुटेका चट्टानसहितको पहिरो झर्ने गरेको छ ।

नयाँ पहिरो झरेका दुबै ठाउँ अझै पहिरो झरेर भिरालो नबनेसम्म पहिरो नरोकिने देखिएको छ । पानी पर्दा लेदोसहितको पहिरो र घाम लाग्दा सुख्खा पहिरो झर्ने गरेको छ । खनालका अनुसार पानी पर्दा भित्र छिर्ने र घाम लागेसँगै सुकेर माटो खुम्चिँदा पहिरो खस्ने गरेको छ । जसले गर्दा सडक वर्षात्को सबै समय जोखिमपूर्ण बनेको हो । यो सडक हुँदै १० हजार हाराहारी सवारीसाधन दैनिक गुड्ने गर्दछन्। राजधानी प्रवेश गर्ने र बाहिरिने मुख्य सडकका रूपमा यसलाई लिइन्छ ।

**साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।**

## facebook twitter

**सोम खड्का**



twitter.com/SomKhadka7

यसरी हास्नु की जस्तो की तिमी कहिल्यै रोएकै थिएनौ, यसरी खेल्नु कि तिमी कहिल्यै हारेका थिएनौ, यसरी माया गर्नु की कहिल्यै घात हुने छैन अनी यसरी जिउनु की भोली भन्ने चिजै छैन ।

**प्रिती श्रेष्ठ**



twitter.com/prityshrestha01

यदि जिन्दगीको कुनै परिस्थितिमा हामीसंग बोल्ने शब्द भएन भने बस मुस्कुराई दिनुपर्छ । किनकि शब्दले त उल्झाउन मात्र सक्छ । तर मुस्कानले त सधैं काम गरिरहन्छ ।

**भिम महरा**



twitter.com/mahar05555

सत्य तीतो छ, किन सत्य थाहा पाउनुछ र ? हरेकलाई मन् पनि त पर्दैन, सत्य सुन्ने श्रोताहरूको लागि तीतो हो, बोल्ने व्यक्तिको लागि होइन बोल्ने व्यक्तिको लागि त वरदान हो त्यसैले सत्य आफ्नै स्वादको लिईन्छ अरूको होईन !!!

# छाब्दीवाराही धार्मिक वनका रूपमा हस्तान्तरण

**भञ्ज्याङ समाचारदाता**/दमौली

प्रसिद्ध धार्मिकस्थल तनहुँको व्यास नगरपालिका-१४ स्थित छाब्दीवाराही धार्मिक वनका रूपमा हस्तान्तरण गरिएको छ । डिभिजन वन कार्यालय तनहुँले छाब्दीवाराहीलाई धार्मिक वनका रूपमा समुदायलाई हस्तान्तरण गरेको हो । डिभिजन वन प्रमुख कोमलराज काफ्लेले छाब्दीवाराही धार्मिक वनका अध्यक्ष एवं छाब्दीवाराही विकास कोषका अध्यक्ष थानबहादुर थापालाई उक्त धार्मिक वनको स्वामित्व हस्तान्तरण गर्नुभएको छ ।

धार्मिक वनले पाँच हेक्टर क्षेत्रफल ओगटेको सव डिभिजन वन कार्यालय व्यासका प्रमुख नारायण कोइरालाले जानकारी दिनुभयो। सोही वन क्षेत्रभित्र छाब्दीवाराही मन्दिर पनि समेटिएको उहाँले बताउनुभयो । "धार्मिक वन बनाउन २०/२१ वर्षदेखि पहल भएको थियो, अहिले आएर त्यो कामले साथर्कता पायो", कोइरालाले भन्नुभयो । कुनै धार्मिक स्थल वा त्यसको वरिपरिको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई डिभिजनल वन अधिकृतसमक्ष निवेदन दिनुपर्ने प्रावधान छ । धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ तर वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिकरूपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रूख कटान गर्न नपाइने वन ऐनमा उल्लेख गरिएको छ ।

धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले नियम विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा ऐन र ऐनअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछन्। छाब्दीवाराही मन्दिरलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने उद्देश्यसहित विकास कोषले गुरूयोजना तयार गरिसकेको छ । छाब्दीवाराही मन्दिरको संरक्षण, वातावरणमैत्री भौतिक पूर्वाधार विकास, धार्मिक तथा ग्रामीण कृषि पर्यटन विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित मन्दिरको गुरूयोजना निर्माण गरिएको कोषका अध्यक्ष थापाले बताउनुभयो ।

थापाका अनुसार गुरूयोजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा, भौतिक अवस्था र जैविक विविधताको संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि, मन्दिर परिसरको सौन्दर्य अभिवृद्धि र फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम गर्ने प्रस्ताव गरिएको छ। मन्दिर क्षेत्रमा एकीकृत धार्मिक तथा ग्रामीण कृषि पर्यटन, वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मन्दिर क्षेत्रको भौतिक अवस्था, प्राकृतिक वातावरण एवं माछालगायतका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्ने लगायतका कार्यक्रम गुरूयोजनामा प्रस्ताव गरिएको छ।

गुरूयोजनामा छाब्दीवाराही मन्दिर क्षेत्र संरक्षण, विकास तथा व्यवस्थापन गुरूयोजनाको कार्यान्वयनका लागि सात उद्देश्य, २३ रणनीति र ९४ कार्यक्रम प्रस्ताव गरिएको छ। गुरूयोजना अनुसार अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमका लागि रू एक करोड ९६ लाख ४० हजार बजेट आवश्यक पर्दछ । छाब्दीवाराही मन्दिर आउने भक्तजनलाई आकर्षित गर्न मन्दिर परिसरमा १० फिटको मत्स्यदेवीको मूर्ति प्रतिस्थापन गरिसकिएको छ ।




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४